# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं, बागमती प्रदेश नेपाल

## चमेनागृह सञ्चालन सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८२/०५/०३)

(दोश्रो पटक प्रकाशित मिति:-२०८२/०७/१८)

(तेस्रो पटक प्रकाशित मिति:-२०८२/०८/२३)

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेको चमेनागृह व्यवस्थित रुपमा सञ्चालनका लागि आय ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत गराउनु पर्ने भएको हुँदा ठेक्का लिन इच्छुक फर्म वा कम्पनीबाट उल्लेखित तपसिल बमोजिमका शर्तहरु र बोलपत्र दस्तावेजमा भएका प्रावधानहरु बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www.bolpatra.gov.np/egp/ मा गई रीतपूर्वकको विद्युतीय बोलपत्र पेश गर्न यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | खाना तथा खाजाको दररेट | न्यूनतम ठेक्का अङ्क (मू.अ. कर बाहेक)(पहिलो आ.व. को लागि) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | INT/REV/02/ 2082-83 | Chamena Ghirha Sanchalan | बोलपत्र फारममा संलग्न | रु.५,२३,०००।—(पाँच लाख तेईस हजार मात्र) | ५,०००।- (पाँच हजार मात्र) |

**शर्तहरु:**

१. बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८२/०९/०१ गते दिनको १२:०० बजे सम्म मात्र हुनेछ र खोल्ने मिति सोही दिनको १:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। साथै बोलपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ।

२. बोलपत्रको ठेक्का एवं सम्झौता अवधि ३ आर्थिक बर्ष (२०८२/०८३, ०८३/०८४ र ०८४/०८५) का लागि हुनेछ।

३. बोलपत्रदाताले कबोल गरेको रकममा प्रत्येक दुई वर्षमा १०(दश) प्रतिशतका दरले वृद्धि हुनेछ।

४. बोलपत्रदाताले बोलपत्रसाथ धरौटी बापत (मू.अ. कर सहित) कबोल गरेको कूल ठेक्का अङ्कको ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि. एशिया बैंक, कलंकी शाखाको धरौटी खाता नं. **10CA050686752402** मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत (विडवण्ड) पेश गर्नु पर्नेछ।

५. स्वीकृत बोलपत्रदाताले सम्झौताको बखत मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको पहिलो चौमासिक वापतको रकम सम्झौता भएकै बखत बुझाउनु पर्नेछ। तत्पश्चात चार चार महिनाको समयान्तरमा किस्ता बुझाउने र चौमासिक सुरु भएको १० गते भित्र किस्ता बुझाउन पर्नेछ। तोकिएको अवधि भित्र रकम नबुझाएमा प्रचलित कानुन बमोजिम कार्यसम्पादन जमानतबाट असुल उपर गरिनेछ। यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाउनेछैन।

६. सम्झौताको बखत बोलपत्रदाताले कबोल गरेको रकम मध्ये पहिलो चौमासिकमा बुझाएको रकमलाई घटाई बाँकी रहने रकम बराबरको रकम नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ र कार्यसम्पादन जमानतको समयावधि सम्झौता समाप्त हुने मिति भन्दा कम्तिमा ३० दिन बढी अवधिको हुनुपर्नेछ।

७. सूचना तथा बोलपत्र दस्तावेजमा उल्लेख भएको बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

८. थप जानकारीको लागि https://chandragirimun.gov.np/ र https://www.bolpatra.gov.np/egp/ र कार्यालय समयमा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**राजस्व दाखिलाको लागि :**

रकम दाखिला हुने कार्यालयको नाम :- Chandragiri Municipality

बैंकको नाम :- NIC ASIA Bank Limited

खाताको नाम :- GA 1.1 AANTARIK RAJASHWO KHATA-CHANDRAGIRI MUNICIPALITY

खाता नं. :- 0102050506867009

सुरेन्द्र थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

## चमेनागृह सञ्चालन सम्बन्धी

बोलपत्र फाराम

**ठेक्का नं. :- INT/REV/02/2082-83**

बोलपत्र फाराम दस्तुर : रु.५,०००।-

२०८२

# चन्द्रागिरि नगरपालिका

# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

बागमती प्रदेश, नेपाल

## चमेनागृह सञ्चालन सम्बन्धी बोलपत्र फाराम

**ठेक्का नं. :- INT/REV/02/2082-83**

**(तेश्रो पटक प्रकाशित मिति २०८२/०८/२३)**

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेको चमेनागृह व्यवस्थित रुपमा सञ्चालनका लागि आय ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत गराउनु पर्ने भएको हुँदा ठेक्का लिन इच्छुक फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम रकममा नघट्ने गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ।

शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट https://www.bolpatra.gov.np/egp/ बाट Download गरी प्राप्त गर्न सकिनेछ। सो को लागि रु. ५,०००।- (अक्षरुपी पाँच हजार मात्र) पछि फिर्ता नहुने गरी निम्न बैंकमा रकम दाखिला गरी बैंक भौचरको Scanned Copy बोलपत्र सम्बन्धी कागजात Electronic Submission गरी पेश गर्नु पर्नेछ।

   बोलपत्र फाराम खरिदको लागि बैंकको विवरण

   बैंकको नामः- NIC ASIA Bank Limited

   खातावालाको नामः- Chandragiri Municipality

   खाताको नामः- GA 1.1 AANTARIK RAJASHWO KHATA-CHANDRAGIRI MUNICIPALITY

   खाता नं.:- 0102050506867009

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८२/०९/०१ गते दिनको १२:०० बजे सम्म मात्र हुनेछ र खोल्ने मिति सोहि दिनको १:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। साथै बोलपत्र फाराम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ।

३. बोलपत्र फारामसाथ धरौटी बापत (मू.अ. कर सहित) कबोल अङ्कको ५(पाँच) प्रतिशतले हुन आउने रकम जम्मा गरेको सक्कलै बैंक भौचरको Scanned Copy वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले यस नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) लाई Scan गरेर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ।

   यसरी कबोल अङ्क(धरौटी बापत) गणना गर्दा तपशिल बमोजिम गणना गर्नुपर्नेछ।

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

जस्तैः १ वर्षको लागि अधिकतम कबोल अङ्क = ५,२३,०००।-

नगद वा बैंक जमानत (मू.अ.करसहित) =

(((५२३०००+(५२३०००*१.१०)+((५२३०००*१.१०)*१.१०))*१.१३)*०.०५)) = ९७,८०८.८५।-

<u>धरौटी रकम जम्माको लागि बैंकको विवरण</u>

बैंकको नामः- NIC ASIA Bank Limited

खातावालाको नामः- Chandragiri Municipality

खाताको नामः- GA 3 - DHARAUTI KHATA-CHANDRAGIRI MUNICIPALITY

खाता नं.:- 10CA050686752402

४. बोलपत्र फाराम साथ फर्मको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र आ.व. २०८०/८१ असार मसान्त सम्मको कर चुक्ता प्रमाणपत्र, अख्तियारीनामा, अख्तियारी प्राप्त आधिकारिक व्यक्तिबाट हस्ताक्षर र सही छाप भएको, कालो सूचीमा नपरेको स्वःघोषणा पत्र र होटेल/चमेना गृह/रेष्टुरेण्ट/क्याटेरिङ्ग सञ्चालन गर्ने मुख्य उद्देश्यले नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र(नवीकरण भएको) संलग्न गरी Electronic Submission गर्नुपर्नेछ।

५. ठेक्का स्वीकृत भई सम्झौता भएको मिति देखि २०८५ असार मसान्तसम्म कूल ३(तीन) आर्थिक वर्षको लागि हुनेछ। आ.व. २०८२/०८३ लाई सम्झौता भएको मितिबाट बाँकी २०८३ असार मसान्तलाई पहिलो आर्थिक वर्ष मानिनेछ। आ.व. २०८३/०८४ को साउन देखि असार मसान्तलाई दोस्रो आर्थिक वर्ष र आ.व. २०८४/०८५ को साउन देखि असार मसान्तलाई तेस्रो आर्थिक वर्ष मानिनेछ। बोलपत्रदाताले कबोल गरेको वार्षिक अंकलाई सम्झौता मिति देखि २०८३ असार मसान्तसम्मको अवधिका लागि दैनिक दामासाहि हिसाले गणना गरी पहिलो आर्थिक वर्षको रकम निर्धारण गरिनेछ।

६. बोलपत्रदाताले कबोल गरेको रकममा प्रत्येक दुई वर्षमा १०(दश) प्रतिशतका दरले वृद्धि गरिनेछ।

७. बोलपत्रदाताले आफूले कबोल गर्न चाहेको रकम एक वर्षको लागि तोकिएको न्यूनतम अङ्क वा सो भन्दा बढी हुनुपर्नेछ।

८. प्रस्ताव सम्बन्धमा कुनै जानकारी वा कुनै द्विविधा परेमा मिति २०८२/०८/२६ गते दिनको १:०० बजे यस नगरपालिकाको बैठक कक्षमा उपस्थित भई आफ्नो जिज्ञासा प्रस्तुत गर्न समय दिईनेछ। उक्त बैठक पश्चात यस कार्यालय कुनै किसिमको जवाफ दिन बाध्य हुने छैन र सोही शर्त/दस्तावेज कानून बमोजिम आवश्यक काम कारवाही अगाडी बढाउन यस कार्यालयलाई बाधा पर्नेछैन।

९. स्वीकृत बोलपत्रदाताले सम्झौताको बखत मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको पहिलो चौमासिक वापतको रकम सम्झौता भएकै बखत बुझाउनु पर्नेछ। तत्पश्चात चार चार महिनाको समयान्तरमा किस्ता बुझाउने र चौमासिक सुरु भएको १० गते भित्र किस्ता बुझाउन पर्नेछ। तोकिएको अवधि भित्र रकम नबुझाएमा प्रचलित कानुन बमोजिम कार्यसम्पादन जमानतबाट असूल उपर गर्न सकिनेछ। यसरी असूल गर्दा बोलपत्रदाताले कुनै किसिमको हर्जना दाबी गर्न पाउनेछैन।

१०. सम्झौताको बखत बोलपत्रदाताले कबोल गरेको रकम मध्ये पहिलो चौमासिकमा बुझाएको रकमलाई घटाई बाँकी रहने रकम बराबरको रकम(मू.अ. कर सहित) नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ र कार्यसम्पादन जमानतको समयावधि सम्झौता समाप्त हुने मिति भन्दा कम्तिमा ३० दिन बढी अवधिको हुनुपर्नेछ।

११. बोलपत्रदाताले चौमासिक रुपमा दाखिला गरे वापतको रकम बराबरको जमानत प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ।

१२. बोलपत्र फारामको प्रत्येक पानामा फर्मको छाप र आधिकारिक व्यक्तिको विवरण सहित हस्ताक्षर भएको हुनुपर्नेछ।

१३. जसको नाममा बोलपत्र फाराम खरिद गरिएको हो सोही नामबाट दाखिला हुनुपर्नेछ।

१४. चन्द्रागिरि नगरपालिकाको छाप नलागेको र प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।

१५. बोलपत्रदाताले BOQ मा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

१६. चन्द्रागिरि नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ बमोजिम बोलपत्रदाताले बोल कबोल रकम(तीन आ.व.को) सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट बुझाएमा ठेक्का अङ्कको १०(दश) प्रतिशतले हुने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ। तर भ्याट रकममा भने छुट दिइने छैन।

१७. बोलपत्र स्वीकृत भएपश्चात, कार्यालयले सम्बन्धित बोलपत्रदातालाई कार्यसम्पादन जमानतसहित सम्झौताका लागि आह्वान गर्नेछ। तोकिएको समय अवधिभित्र सम्झौताका लागि उपस्थित नभएमा नियमानुसार बोलपत्र जमानत जफत गरिनेछ। त्यसपछि, सर्वाधिक अंक कबुल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि पुनः आह्वान गरिनेछ।

१८. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

१९. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारवाही हुने छैन। कालो सूचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन।

२०. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि प्राकृतिक विपदमा नेपाल सरकारको निर्णय बमोजिम हुने बाहेक बन्द, हड्ताल वा अन्य कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले कुनै किसिमको छुट, मिनाहा वा माफी दिने छैन।

२१. बहालवालाले आफ्नो नाममा लिएको चमेना गृह कार्यालयको स्वीकृति बिना अन्य व्यक्ति वा संस्थासँग पुनः बहालमा लगाउन पाउने छैन।

२२. चमेनागृह सञ्चालन गर्दा कुनै किसिमको तोडमोड गरी हानी नोक्सानी गरेको पाइएमा बहालवालाले नै मर्मत गराउनु पर्नेछ। सो नगराएमा निजले राखेको जमानत रकमबाट कार्यालयले मर्मत गराउनेछ।

२३. चमेनागृहका लागि बिजुली र सरसफाईजन्य पानी नगरपालिकाले निःशुल्क उपलब्ध गराउनेछ। तर पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नु पर्नेछ।

२४. तोकिएका परिकारहरु मध्ये ग्राहकको माग बमोजिमका परिकारहरु उपलब्ध गराउने सुनिश्चिता सहित दैनिक रुपमा उपलब्ध हुने सूची अनिवार्य रुपमा राख्नु पर्नेछ।

२५. खाद्य परिकारहरु स्वच्छ, सफा, ताजा, स्वस्थकर तथा गुणस्तरीय हुनपर्ने र खाद्य परिकारहरु तयार गर्दा प्रयोग गरिने खाद्य सामाग्रीहरुको उपभोग्य मिति ननाघेको हुनपर्नेछ।

२६. सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा चन्द्रागिरि नगरपालिकाबाट दिएको निर्देशनलाई बाधा व्यवधान गरेको मानिनेछ। यस कार्यालयबाट जुनसुकै समयमा खाद्य पदार्थहरुको गुणस्तर परीक्षण गर्न सक्नेछ। गुणस्तर परीक्षण गर्दा स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने गुणस्तरहीन र अखाद्य पदार्थ उपलब्ध गराइएको पाइएमा नगरपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ।

२७. चमेनागृह भित्र तोकिएको स्थानमा खाद्य परिकारहरुको परिमाण सहितको मूल्य सूची सबैले देख्ने गरी राख्नु पर्नेछ।

२८. नगरपालिकालाई आवश्यक परेमा कार्यालय समयका अतिरिक्त र सार्वजनिक बिदाको दिनमा पनि चमेना गृहको सेवा उपलब्ध गराउनु पर्नेछ।

२९. चमेनागृह सञ्चालनका लागि सञ्चालकले खाद्य परिकारहरु तयार गर्न र सेवा उपलब्ध गराउन आवश्यक योग्यता भएका जनशक्ति राख्नु पर्नेछ। कार्यरत जनशक्तिले सेवाग्राहीलाई शिष्ट, सभ्य र मर्यादित व्यवहार प्रदर्शन गर्नु पर्नेछ। नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई प्राथमिकतामा राखी सेवा उपलब्ध गराउनु पर्नेछ।

३०. चमेनागृहमा मादक पदार्थ, चुरोट, सुर्ती, खैनी तथा प्रचलित कानुनले वन्देज लगाएका सामानहरु तथा सडेगलेका वासी एवं अस्वस्थकर परिकाहरु विक्री वितरण गर्न पाइने छैन।

३१. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ। तर समस्या वा विवाद उत्पन्न भएकै कारण, सो अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधि मानिने छैन।

३२. प्रचलित कानुन विपरित ठहरिने कुनै पनि कार्यहरु गर्न/गराउन पाइनेछैन।

३३. नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आयकर, मूल्य अभिबृद्धि कर तथा शुल्कहरु बोलपत्रदाता स्वयम्ले छुट्टाछुट्टै चेक जारी गरी नगरपालिकामा पेश गर्नुपर्नेछ र उक्त रकमहरु नगरपालिकाले प्रस्तावदाताको नामबाट सम्बन्धित राजस्व शिर्षकमा बैंक दाखिला गर्नेछ।

३४. प्रचलित कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

३५. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

३६. सूचना तथा यस बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन, चन्द्रागिरि नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ तथा यस नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

३७. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट https://chandragirimun.gov.np/ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेव साइट https://www.bolpatra.gov.np/egp/बाट समेत जानकारी लिन सकिनेछ। साथै यस कार्यालयको सूचनापाटीमा समेत टांस गरिएको छ।

३८. नगरपालिकाको स्वीकृति विना सम्झौतामा भएका परिकार बाहेक अन्य परिकारहरु खुवाउन पाइने छैन। मेनु बाहेकका रेडिमेड तथा उत्पादकबाट प्याकिङ्ग गरिएका परिकाहरु(जस्तै पानी बोतल, प्याकेट जुस, कोल्ड ड्रिक्स लगायत अन्य) प्रिन्टेड अधिकतम खुद्रा मूल्य भन्दा बढी लिन पाइने छैन।

३९. उल्लेखित शर्तहरुको पालना भएमा र नगरपालिकालाई उचित लागेमा सम्झौताको अवधि थप एक आर्थिक वर्षका लागि थप गर्न सकिनेछ।

४०. चमेनागृहमा निम्नानुसारका खाद्य परिकाहरु तोकिएको परिमाणमा देहायको मूल्यमा उपलब्ध गराउनु पर्नेछ।

**चमेनागृहको खाद्य सामाग्रीहरुको मूल्य सूची**

| सि.नं. | खानाको विवरण | परिमाण | मूल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दुध चिया चिनी सहित | प्रति कप | २० | |
| २ | दुध चिया विना चिनी | प्रति कप | २० | |
| ३ | कागती चिया | प्रति कप | १५ | |
| ४ | कालो चिया चिनी सहित | प्रति कप | १५ | |
| ५ | कालो चिया विना चिनी | प्रति कप | १५ | |

| सि.नं. | खानाको विवरण | परिमाण | मूल्य | कैफियत |
|---|---|---|---|---|
| ६ | कालो काफी चिनी सहित | प्रति कप | [illegible] | |
| ७ | कालो काफी विना चिनी | प्रति कप | ३५ | |
| ८ | दुध कफी चिनी सहित | प्रति कप | ४० | |
| ९ | दुध कफी विना चिनी | प्रति कप | ४० | |
| १० | दुध | प्रति गिलास | ४० | |
| ११ | हट लेमन | प्रति गिलास | ३० | |
| १२ | हट लेमन हनी सहित | प्रति गिलास | ५० | |
| १३ | चिकेन सुप | प्रति वउल | ८० | |
| १४ | मसरुम सुप | प्रति वउल | ८० | |
| १५ | मटन सुप | प्रति वउल | १२० | |
| १६ | भेजिटेवल सुप | प्रति वउल | ६० | |
| १७ | जाउलो | प्रति प्लेट | ५० | |
| १८ | उसिनेको अण्डा | प्रति पिस | २५ | |
| १९ | चना | प्रति प्लेट | ४० | |
| २० | समोसा | प्रति पिस | २० | |
| २१ | आलु मटरको तरकारी | प्रति वउल | ३० | |
| २२ | पुरी तरकारी(४ पिस पुरी, जेरी, आलुमटर तरकारी) | प्रति सेट | १०० | |
| २३ | पुरी तरकारी(४ पिस पुरी, आलुमटर तरकारी) | प्रति सेट | ८० | |
| २४ | गहुँको सादा रोटी | प्रति पिस | १५ | |
| २५ | आलु परौंठा | प्रति पिस | ५० | |
| २६ | सेल रोटी | प्रति पिस | २० | |
| २७ | अम्लेट (२ अण्डा) | गोटा | ६० | |
| २८ | दही | प्रति कप | ५० | |
| २९ | चिकन मःमः १० पिस | प्रति प्लेट | १३० | |
| ३० | चिकन मःमः फ्राई १० पिस | प्रति प्लेट | १४० | |
| ३१ | स्टिम भेज मःमः १० पिस | प्रति प्लेट | ८० | |
| ३२ | भेज पास्ता | प्रति प्लेट | ८० | |
| ३३ | चिकन पास्ता | प्रति प्लेट | १२० | |
| ३४ | भेज चाउमिन फुल | प्रति प्लेट | ८० | |
| ३५ | भेज चाउमिन हाप | प्रति प्लेट | ५० | |
| ३६ | चिकन चाउमिन फुल | प्रति प्लेट | १२० | |
| ३७ | चिकन चाउमिन हाप | प्रति प्लेट | ७० | |
| ३८ | अण्डा चाउमिन फुल | प्रति प्लेट | ११० | |
| ३९ | अण्डा चाउमिन हाप | प्रति प्लेट | ६० | |
| ४० | भेज खाना जिरा मसिनो चामलमा दाल), भात, तरकारी, अचार, सलाद, पापड( | प्रति सेट | १५० | |
| ४१ | रोटी खाना सेट | प्रति सेट | १५० | |
| ४२ | चिकेन खाना जिरा मसिनो चामलमा(दाल, भात, तरकारी, अचार, सलाद, पापड) | प्रति सेट | २५० | |

| सि.नं. | खानाको विवरण | परिमाण | मूल्य(रु.) | कैफियत |
|---|---|---|---|---|
| ४३ | मटन खाना जिरा मसिनो चामलमा(दाल, भात, तरकारी, मटन, अचार) | प्रति सेट | ३५० | |
| ४४ | माछा खाना जिरा मसिनो चामलमा(दाल भात, तरकारी, अचार, सलाद, पापड) | प्रति सेट | २५० | |
| ४५ | थकली खाना सेट – भेज | प्रति सेट | १८० | |
| ४६ | थकली खाना सेट – चिकेन | प्रति सेट | २५० | |
| ४७ | थकाली खाना सेट – मटन | प्रति सेट | ३५० | |
| ४८ | थकाली खाना सेट – फिस | प्रति सेट | २७५ | |
| ४९ | थकाली खाना सेट – पनिर | प्रति सेट | २७५ | |
| ५० | चना अण्डा | प्रति प्लेट | ५० | |
| ५१ | समोसा मटर | प्रति प्लेट | ५० | |
| ५२ | चाउचाउ पकाएको सादा | प्रति वउल | ७० | |
| ५३ | चाउचाउ/अण्डा | प्रति वउल | ५० | |
| ५४ | मासु चिउरा चिकन, तरकारी/अचार | प्रति सेट | १५० | |
| ५५ | मासु चिउरा मटन, तरकारी/अचार | प्रति सेट | २०० | |
| ५६ | मासु चिउरा फिस, तरकारी/अचार | प्रति सेट | २५० | |
| ५७ | नेवारी खाना सेट – भेज | प्रति सेट | १५० | |
| ५८ | नेवारी खाना सेट – चिकेन | प्रति सेट | २०० | |
| ५९ | नेवारी खाना सेट – मटन | प्रति सेट | २५० | |
| ६० | नेवारी खाना सेट – फिस | प्रति सेट | २२५ | |
| ६१ | नेवारी खाना सेट – पनिर | प्रति सेट | २०० | |
| ६२ | थुक्पा भेज | प्रति प्लेट | ९० | |
| ६३ | थुक्पा चिकेन | प्रति प्लेट | १३० | |
| ६४ | मटन थुक्पा | प्रति प्लेट | १७५ | |
| ६५ | दही चिउरा | प्रति प्लेट | ७५ | |
| ६६ | खिर तरकारी/अचार | प्रति प्लेट | १२० | |
| ६७ | भेज पकौडा | प्रति प्लेट | ६० | |
| ६८ | पनिर पकौडा | प्रति प्लेट | १५० | |
| ६९ | फलफूल (मिक्स फ्रुट) | प्रति प्लेट | १५० | |
| ७० | ग्रिन सलाद | प्रति प्लेट | १०० | |
| ७१ | चुकौनी | प्रति प्लेट | ४० | |
| ७२ | उसेनेको मकै/भुटेको मकै | प्रति प्लेट | ५० | |
| ७३ | स्याण्डविच भेज | प्रति पिस | १०० | |
| ७४ | स्याण्डविच चिकेन | प्रति पिस | १३० | |
| ७५ | कोदोको राटी | प्रति पिस | ५० | |
| ७६ | फाफर रोटी | प्रति पिस | ५० | |
| ७७ | फ्रेन्च फ्राई | प्रति प्लेट | ८० | |
| ७८ | भेज थुप्पा | प्रति वउल | ६० | |
| ७९ | चिकेन थुप्पा | प्रति वउल | ८० | |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

नरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

| सि.नं. | खानाको विवरण | परिमाण | मूल्य रु. | कैफियत |
|---|---|---|---|---|
| ८० | लस्सी | प्रति गिलास | ८० | |
| ८१ | बटुक | प्रति प्लेट | ५० | |

चन्द्रागिरि नगरपालिका
बागमती प्रदेश,
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकिय अधिकृत

चमेनागृह सञ्चालन सम्बन्धी

# Bill Of Quantity (BOQ)

ठेक्का नं. **INT/REV/02/2082-083**

न्यूनतम कबोल रकम पहिलो आर्थिक वर्षको लागि(मू.अ.कर बाहेक) : रु.५,२३,०००।००(अक्षरुपी पाँच लाख तेईस हजार मात्र)

| विवरण | आफूले कबोल गर्न चाहेको पहिलो आ.व. को लागि रकम(मू.अ. कर बाहेक) | |
|---|---|---|
| | अंकमा | अक्षरमा |
| चमेनागृह सञ्चालन | | |

**बोलपत्रदाताको विवरण**

**फर्मको नाम :-**

**प्रोपाइटर नाम :-**

**दस्तखत :-**

स्थायी ठेगानाः जिल्ला ...................... नगरपालिका/गा.पा. ...................... वडा नं. .........

इमेल : टेलिफोन/मोबाइल नं.

सम्पर्क ठेगानाः जिल्ला ..................... नगरपालिका/गा.पा. ...................... वडा नं. .........

इमेल : टेलिफोन/मोबाइल नं.

माथि उल्लेखित सम्पूर्ण शर्त, नियम तथा प्रावधानहरु पढी बुझी सोही परिधि भित्र रही यस नगरपालिकाले उपलब्ध गराएको स्थानमा चमेनागृहको व्यवस्थित रुपमा सञ्चालन गर्न मञ्जुर गरी यो दरभाउ पत्र फाराम भरी पेश गरेको छु।